**मितिः२०७५/०३/१०**

**जयपृथ्वी नगरपालिकाको आ.व.२०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट**

नगर सभाका अध्यक्ष महोदय
नगर सभाका सदस्य ज्यूहरु
प्रमुख अतिथी ................ ज्यू
अतिथी गण ।

जयपृथ्वी नगरपालिकाको उपप्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितीको संयोजकको हैसियतले यस सम्मानित नगर सभा समक्ष आगामी आर्थिक बर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्तित भएको छु । यस अवसरमा संघीय, लोकतान्त्रिक, गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिव ३ बर्ष पूरा भएको छ । संघ, प्रदेश र स्थानीय तह नेपालको मुल राज्य संरचना हो । यी तीनवटै तहले नेपालको राज्य शक्तीको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने संवैधानिक व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो बजेट प्रत्येक वर्षको असार १० गते सम्म गाउँ वा नगर सभा सक्षम पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको छ ।
राज्यको पुर्नसंरचना संगै नेपालमा स्थापित ७५३ वटा स्थानीय तह मध्ये बझाङ जिल्लामा अवस्थित जयपृथ्वी नगरपालिका एउटा स्थानीय तह हो । ऐतिहाँसिक तथा मानवताबादी व्यक्तित्व जयपृथ्वी बहादुर सिहको नामले नामाकरण गरिएको यस नगरपालिका प्राकृतिक स्रोत, धार्मिक पर्यटन र कृषीको पर्याप्त सम्भावना बोकेको स्थान हो । जिल्ला सदरमुकामको नगरपालिका भएकोले विकासको केन्द्र विन्दु समेत रहि आएको छ । यस नगरपालिकाले विगत १ वर्ष देखी संविधान तथा कानून वमोजिम स्थानीय शासनको अभ्यास गर्दै आएको छ ।

**चालु आ.व. ०७४/०७५ को नीति तथा कार्यक्रमको समीक्षा :-**

२०७४ साल असारमा स्थानीय निर्वाचन भए पश्चात हामी जनप्रतिनिधीहरुले यस नगरपालिकाको जिम्मेवारी र उत्तरदायित्व सम्हालेका हौ । आ.व. २०७३/०७४ को अन्त्यतिर पद वहाली भएकोले पूरानै वजेट तथा कार्यक्रम लाई निरन्तरता दिनुपर्ने वाध्यता रहेको थियो । उक्त आ.व. ०७३/०७४ मा रु ११ ,करोड ६४ लाख ८ हजार ६२२ को बजेट अनुमान गरिएकोमा वर्षको अन्त्य सम्ममा कुल रु ९ करोड २१ लाख २० हजार ६४४ मात्र खर्च भइ ७९.१३ प्रतिशत मात्र खर्च प्रगति भएको छ भने वाँकी रकम चालु आ.व.मा अ.ल्या. भई आएको छ ।

गत बर्ष २०७४ साल असोज १० र ११ गते सम्पन्न ऐतिहाँसिक प्रथम नगर सभाले **"जयपृथ्वी नगरबासीको परिकल्पना ! स्वच्छ, समृद् र सम्पन्न नगरपालिका हाम्रो चाहाना "** भएको दीर्धकालीन लक्ष्यका साथ चौतर्फी विकासका नीति, कार्यक्रम तथा बजेट पारित गरेका थियौ । आ.व. २०७४/७५ मा रु.४३ करोड ५७ लाख ८६ हजार ३८ को अनुमान (संशोधित) गरिएकोमा आर्थिक वर्षको ११ महिनामा रु. ३२ करोड ५६ लाख ७४ हजार ७९२ खर्च भई ७४.७३ प्रतिशत प्रगति भएको छ । पूजिगत तर्फ रु.१७ करोड ५३लाख ७७ हजार ३८ संशोधित अनुमान रहेकोमा ११ महिनामा रु.९ करोड ६८ लाख ९१हजार २६५ खर्च भई ५५.२४ प्रतिशत प्रगती भएको छ । अधिकांश योजनाहरु कार्यान्वयको अन्तिम चरणमा भएकोले भुक्तानी हुन बाँकी भइ न्यून प्रगती देखिएता पनि आ.व. को अन्त्य सम्ममा पुँजीगत खर्च ९० प्रतिशत भन्दा बढी हुने अनुमान गरिएको छ । आन्तरिक आय तर्फ रु.५५ लाख ९० हजार अनुमान गरिएकोमा आ.व. को ११ महिनामा रु.१६ लाख ८२ हजार ४३२ मात्र आय भई ३१.८० प्रतिशत प्रगती भएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क बापत पाउने रकम हाल सम्म पनि प्राप्त नभएको र अन्य राजश्व परिचालन पक्ष समेत कमजोर भएको हुँदा लक्ष्य अनुसार प्रगती हुन नसकेको अवस्था छ ।

चालु आ.व. ०७४|०७५ मा लिएका नीति तथा कार्यक्रम बाट नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका पूर्वाधारहरुमा महत्वपूर्ण उपलब्धीहरु हाँसिल भएका छन् । पूर्वाधार विकास तर्फ सुईल मयाना सडक खण्ड लगायत कुल १५ कि.मि. कच्ची सडक निर्माण गरिएको छ । चैनपुर बजार भित्र अब्यबस्थित टहरा हटाइ पक्की सडक निर्माण गरिएको छ भने सडक पहुँच नभएका बस्तीमा सडक पुर्याएको छ । लोकतान्त्रिक चोकमा पक्की सडक बनाएको छ । सिल्की सिंचाइ पोखरी र चैनकिली खानेपानी आयोजना पनि यस बर्षका महत्वपूर्ण उपलब्धी हुन् । । सेती नदिको पानकोटमा पूल निर्माण गर्न र चैनपुर बजारमा खानेपानी ब्यबस्थाका लागि केन्द्र संम्म ठोस पहल गरिएको छ । विपन्न महिलालाई आयआर्जन गर्न सिलाईकटाई तालिम साथै सिलाई मेसिन वितरण गरिएको छ । जनचेतनामुलक कार्यक्रम मार्फत महिला शसक्तिकरण गर्नुको साथै दलितहरुको सिप विकास गरी परम्परागत पेशालाई आधुनिकिकरण गर्ने काम गरिएको छ । कृषकलाई मल बिऊ उपलब्ध गराएको छ ६ वटा तरकारी पकेट क्षेत्र छनोट गरिएको छ । स्वास्थ्यका लागि औषधी खरिद गरिएको छ । नगर शैक्षिक क्यालेण्डर निर्माण र शैक्षिक नीति तर्जुमा समिती गठन गरी शिक्षा क्षेत्रमा सुधार गर्ने प्रयास गरिएको छ । विकासमा जनसहभागिताको परिचालन र गाउँघरका समस्याहरुको समाधान हुदै गरेकोले स्थानीय सरकारप्रति जनताको विश्वास र भरोसा वृदी भएको छ । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान नगर सरकारलाइ विकास र समृदीको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

तथापि स्थानीय सरकारको पहिलो बर्ष भएकाले हामी जनप्रतिनिधीहरुको अनुभवमा कमी, दरबन्दी अनुसार कर्मचारीहरुको परिपुर्ति नहुनु, स्रोत परिचालनको न्युन अबस्था, संस्थागत विकासमा कमी, नयाँ कानून तथा कार्यविधीहरु बनाउँदै काम गर्नुपर्ने स्थिती, लागत सहभागिताको कमी, सबै कुरामा नगरपालिकाको मुख ताक्ने प्रवृति आदी समस्याहरुले ठोस उपलब्धीहरु हाँसिल हुन कठिनाइ भएको हो । यस पक्षलाई आगामी वर्षमा सुधार गर्दै जानु पर्ने आवश्यकता छ ।

**<u>आगामी आ.व. २०७५|०७६ को नीति बजेट तथा कार्यक्रम</u>**

**सोच, लक्ष्य, उदेश्य :-**

यस नगरपालिकाको दिर्घकालिन सोच "**जयपृथ्वी नगरबासीको परिकल्पना ! स्वच्छ, समृद् र सम्पन्न नगरपालिका हाम्रो चाहाना** " रहेको छ । आर्थिक तथा सामाजिक विकास द्वारा मानव विकास सूचांकमा सुधार र पूर्वाधार विकास सहितको सुविधा सम्पन्न नगरका रुपमा विकसित गरी "**समृद्ध नगर, सुखी नगरवासी**" बनाउन यस नीति, बजेट तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

**आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेटको उदेश्यहरु निम्न अनुसार रहेका छन् ।**

१. नगरको लागि आधारभुत पूर्वाधारहरुको विकास गर्नु ।
२. शिक्षा,स्वास्थ्य, पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार गर्नु ।
३. कृषी तथा पशु विकासको माध्यम बाट उत्पादन वृदी गरी आय बढाउनु ।
४. लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्नु ।
५. जनता लाई सेवा प्रवाह र सुशासनको प्रत्याभूति गर्नु ।

**बजेटको उदेश्यहरु परिपूर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ ।**

१. नगरको पूर्वाधार विकासमा सहयोग पुग्ने ।
२. आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
३. उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
४. महिला, वालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
५. लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धी हुने ।
६. दिगो विकास, वातावरणिय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने
७. शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धी हुने ।
८. सुशासन र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता हुने ।

**बार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु -**

आ.व. ०७५/०७६ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाइ आधार लिईएको छ

१. नेपालको संविधान ।
२. स्थानीय सरकार संचालन ऐन, २०७४ ।
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ।
४. अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ।
५. नेपाल सरकारको आवधिक विकास योजना ।
६. उपलब्ध स्रोत साधन ।
७. विकासका अन्तरसम्बन्धित विषयहरु ।
८. नगरको विकासको विधमान अवस्था र मानव विकासको सूचांक ।
९. स्थानीय जनताका आकांक्षा र आवश्यकता ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन वमोजिम संघ र प्रदेश सरकारबाट वजेट सिमा प्राप्त, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण, बस्ती तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, वजेट तथा कार्यक्रम तर्जुमा, नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृत गरी कानूनले तोकेको समय असार १० गते भित्र यस नगर सभामा प्रस्तुत गरिएको छ ।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका समष्टिगत नीतिहरु अबलम्वन गरिएको छ**

१. स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सघाउ पुर्याउने ।
२. साविकमा नेपाल सरकार बाट संचालन हुँदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाइ निरन्तरता दिने ।
३. शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कार्यक्रमहरुलाइ नगरपालिकाले अपनत्व हुने गरी प्रभावकारी रुपमा संचालन गरिने ।
४. साधन स्रोतको वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत, समुदायगत र वातावरणीय सन्तुलन कायम गरिने ।
५. विकास योजनालाई उपलब्धीमुलक बनाउन आयोजना संख्या सिमित गरी ठुला तथा नगर गौरबका योजनाहरु संचालन गर्ने । वडालाइ वडाको जनसंख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गराइनेछ ।
६. आन्तरिक आय सरहको राजश्व बाँडफाँड र आन्तरिक आय बाट मात्र चालु खर्च ब्यबस्थापन गर्ने ।
७. स्थानीय तहले बहन गर्नु पर्ने अनिबार्य दायित्वका विषयहरुको व्यबस्थापन गर्ने ।
८. लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाइ विकास योजनाका सबै चरणमा सहभागिता गराउने ।
९. नगरको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजि क्षेत्रको लगानीलाइ प्रोत्साहन गरिने ।
१०. विकास निर्माण कार्यमा जनताको सहभागिता र अपनत्वको सुनिश्चितता गरिनेछ ।

**क्षेत्रगत नीतिहरु -**

**१. आर्थिक विकास क्षेत्र :-**

क. कृषी प्रसार कार्यक्रम मार्फत किसानहरुलाइ सर्बसुलभ तरिकाले रसायनिक मल उपलब्ध गराईनेछ ।
ख. वालि बिकास, आलु तथा तरकारी बिकासमा जोड दिदै साविकको प्रधानमन्त्री कृषी आधुनिकिरण कार्यक्रमको पकेट कार्यक्रम तथा ब्लक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
ग. बालीनाली उत्पादन तथा जैबिक विविधता संरक्षणमा सहयोग पुर्याउने माहुरीपालनलाइ पर्बदन गरिनेछ ।
घ. पशु नश्ल सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृदी गरिनेछ ।
ङ. पशु स्वास्थ्य सेवा विस्तार गरि पशुजन्य धनको संरक्षण गरिनेछ ।
च. पशुपन्छी बजार पर्वद्धन गरि उपभोक्ताहरुलाइ स्वस्थ र गुणस्तरीय पशुजन्य पदार्थ आपुर्ति गरिनेछ ।

छ. नगर क्षेत्रमा क्रियाशिल सहकारी संस्थाहरुको प्रर्वधन गरिनुका साथै कृषी सहकारी मार्फत किसानहरुलाइ सेवा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

ज.  धार्मिक तथा पर्यटन विकासका लागि प्रचार -प्रसार गरिनेछ ।

झ. स्थानीय प्रशासन समेतको सहभागितामा नगरपालिका बाट बजार अनुगमन कार्यको थालनी गरिनेछ ।

**२. समाजिक विकास क्षेत्र :-**

क. विद्यार्थी भर्ना अभियान लाइ प्रभावकारी बनाई सबै वालवालिकालाइ विद्यालय शिक्षाको दायरामा ल्याइनेछ ।

ख. निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृतीको ब्यबस्था गरी शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ ।

ग. शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर बिद्यार्थी मुल्यांङ्कन, शैक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाइ पूर्नताजगी तालिम उपलब्ध गराइनेछ ।

घ. प्रत्येक वडालाइ साक्षर वडा घोषणा गर्दै लगि साक्षर नगरपालिका घोषणा गरिनेछ

ङ. शसर्त स्वास्थ्य कार्यक्रम बाट औषधी खरिदमा विनियोजित बजेट कमी भएको हुँदा नगरपालिका बाट थप औषधी खरिद गरि निशुल्क उपलब्ध गराइनेछ ।

च. स्वास्थ्य शिक्षा, सुचना तथा संचार, पोषण, खोप, भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने निवारणात्मक (**Preventive)** उपाय अबलम्वन गराइनेछ ।

छ. अस्पताल तथा वर्थिङ सेन्टरहरुमा २४ सै घण्टा प्रसुती सेवा संचालन गर्ने ब्यबस्था गरिनेछ । साथै सुरक्षित मातृत्वका लागि आवश्यक सेवा उपलब्ध गराइनेछ ।

ज. हामी दुई हाम्रा दुइ सन्तानको अबधारणालाइ अंगिकार गर्दै प्रजनन उमेरका दम्पतीहरुलाइ प्रजनन नियन्त्रणका साधनहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ ।

झ. प्राचिन उपचार पद्धति आर्युवेदिक सेवालाइ निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

ञ. ऐतिहाँसिक तथा धार्मिक स्थल, स्थानिय भाषा, धर्म, संस्कृतीको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

ट. महिला, वालवालिका, जेष्ठ नागरिक ,अपांग, दलित, आदिवासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइनेछ ।

ठ. युवाहरुका लागि खेलकुद, सीप तथा उद्मशिलता विकास, युवा क्लव र युवा संसद स्थापना र संचालन गरी युवालाइ क्रियाशिल र सृजनशिल बनाइनेछ ।

ड. महिलाहरुलाइ सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास गर्न उपयुक्त तालिम प्रदान गरिनेछ ।

ढ. महिला, किशोरी र वालवालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाइ उच्च प्राथमिकमा राखिनेछ ।

**३. पूर्वाधार विकास क्षेत्र :-**

क. नगरको आधारभुत पूर्वाधार विकासका लागि सडक तथा बसपार्क निर्माणमा जोड दिइनेछ ।

ख. सिंचाइ कुलो निर्माण तथा मर्मत सम्भार गरी कृषी उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न जोड दिइनेछ ।

ग. लघु तथा साना जलविधुत आयोजनाबाट विधुत उत्पादन गर्ने कार्यलाइ प्रोत्साहन गरिनेछ ।

घ. सौर्य उर्जा प्रविधि तथा वायोग्याँस प्रबिधीको प्रयोगमा समेत जोड दिइनेछ ।

ङ. भवन बनाउँदा नक्सा पास गर्नु पर्ने प्राबधानलाइ कडाइका साथ लागु गर्दै भवन संहिता कार्यन्वय गरिनेछ ।

च. सडकहरुको स्तरोउन्नती तथा मर्मत सम्भार हुने ब्यबस्था मिलाइ बाह्रै महिना सडक यातायात संचालन गरिनेछ ।

**४. वन, वाताबरण तथा विपद् व्यबस्थापन क्षेत्र :-**

क. सार्वजनिक तथा प्रति जग्गा र भु-क्षय भएका स्थानहरुमा स्थानीय जनता तथा नेपाली सेना समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सो को संरक्षण गरिनेछ ।

ख. सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अबलम्बन गरी विकास र विपद् व्यबस्थापनलाइ एकिकृत ढंगले अगाडी बढाइनेछ ।

ग. वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी बातावण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृदी गरिनेछ । पलाष्टिक रहित नगरको घोषणा अभियानलाइ अघि बढाइनेछ ।

घ. चैनपुर बजारको फोहरमैला संकलन तथा ब्यबस्थापनमा स्थानीय जनताको सहभागिता गराउदै डम्पिङ साइटको स्थायी ब्यबस्थापन गरिनेछ ।

ङ. नगरपालिकाले तारजाली उपलब्ध गराइ जनसहभागितामा भू-क्षय तथा जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ ।

च. वारुण यन्त्रलाइ चुस्त दुरुस्त राखी आवश्यक परेको बेला तत्काल प्रयोगमा ल्याइनेछ ।

छ. विपद् ब्यबस्थापनका लागि स्थानीय प्रशासन संग समन्वय गरी उद्दार, खोजी, राहत जस्ता कार्यलाइ प्रभावकारी बनाइनेछ ।

ज. सामुदायिक वनमा उधम प्रर्वदन गरी आय आर्जन गर्ने नीति लिइनेछ ।

**५. शुसासन तथा संस्थागत विकास क्षेत्र :-**

क. नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाइ अध्ययन, अवलोकन भ्रमण तथा तालिम उपलब्ध गराइ क्षमता विकास गरिनेछ ।

ख. सार्वजनिक सुनूवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी शुसासन प्रर्वदन गरिनेछ ।

ग. नागरिक वडापत्र,सोधपुछ कक्षको ब्यबस्था र सुचना प्रविधीको प्रयोग द्वारा सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइनेछ । सामाजिक सुरक्षा भत्ता समयमा वितरण गरिनेछ ।

घ. जनता संग मेयर कार्यक्रम मार्फत जनताको सुखःदुख बुझ्न घरदैलोमा पुगिनेछ ।

ङ. वित्तिय अनुसाशन कायम राख्न पेश्की दिने प्रावधानलाइ नियन्त्रण गरिनेछ साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्यसम्पन्न गरी भुक्तानी लिने परिपारटीको विकास गरिनेछ ।

च. योजना संचालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाइ अभिमुखीकरण गरि रु. ३ लाख भन्दा बढीका आयोजनामा आयोजना सुचना पाटी राख्ने र गुणस्तरीय काम गर्ने परिपाटीको विकास गरिनेछ ।

छ. नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिनेछ ।

ज. अन्तर निकाय समन्वय वैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।

झ. आगामी आ.व. देखी प्रगतिशिल करको दरमा सम्पतीकर लागु गर्ने र करको दायरामा विस्तार गरिनेछ ।

ञ. न्यायिक समितीलाइ क्रियाशिल बनाइ मेलमिलापको माध्यम बाट जनताहरुलाइ छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने ब्यबस्था मिलाइनेछ ।

**मुख्य योजना, कार्यक्रम र बजेट विनियोजनः -**

आगामी आर्थिक बर्षका लागि लिइएका माथि उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु.४७ करोड १४ लाख ७१ हजार ५०० विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु.२४ करोड ६७ लाख ९९ हजार ५०० अर्थात ५२.३५ प्रतिशत र पूँजीगत तर्फ रु.२२ करोड ४६ लाख ७२ हजार अर्थात ४७.६५ प्रतिशत रहेको छ । चालु तर्फ सामाजिक सुरक्षा भत्ताको रु.४ करोड ५५ लाख ९५ हजार रहेको छ भने बाँकी रकम प्रशासनिक खर्च समावेश भएको छ । पूँजिगत तर्फ सामाजिक विकास क्षेत्रमा रु. ८ करोड ८९ लाख ५३ हजार २४० अर्थात ३९.५९ प्रतिशत, आर्थिक विकास क्षेत्रमा रु. १ करोड ६४ लाख ९१ हजार अर्थात ७.३४ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा रु. ९ करोड २८ लाख २० हजार अर्थात ४१.३१ प्रतिशत, वन वाताबरण तथा विपद् व्यबस्थापनमा रु. ७५ लाख ५८ हजार ७३० अर्थात ३.३६ प्रतिशत र सुसासन तथा संस्थागत विकास क्षेत्रमा रु. १ करोड ८८ लाख ४९ हजार ३० अर्थात ८.३८ प्रतिशत विनियोजन गरीएको छ ।

आगामी बर्ष देखी नगर गौरबका योजनाहरु संचालन गर्न रु. ५ करोड विनियोजन गरी यसमा ८ वटा आयोजना संचालन गर्ने ब्यबस्था गरेको छु । यस अन्तर्गत बाँझीरुख देखी पोलिटेक्निक सम्म सडक निर्माण, भण्डार कैलाश पिमी सडक निर्माण, सुईल मयाना सडक, कोरेली खानेपानी

निर्माण, खुड्यौन सिंचाइकुलो निर्माण, पानकोट सुतिया सडक निर्माण, बसपार्क निर्माण र सुवेडा पारिखेत हुँदै वाहुली खोला झो.पू. सम्म सडक निर्माण आयोजाना संचालन गरिनेछ । सडकको नियमित मर्मत सम्भारको लागि रु. २५ लाख र सम्मपूरक कोषका लागि रु.६० लाख विनियोजन गरिएको छ । सडक वोर्ड कार्यक्रम मार्फत रु.३५ लाखको सडक मर्मत तथा स्तरोउन्नती गर्ने ब्यबस्था गरेको छु । यसैगरि पोलिटेक्निक कलेज सडक निर्माणका लागि रु. १० लाख र कृषी कार्यालय देखी नमुना विद्यालय हुँदै पानकोट सिंचाइकुलो सम्मको लागि रु. १० लाख विनियोजन गरिएको छ । वडा स्तरिय योजनाहरुमा रु. ३ करोड ३० लाख विनियोजन गरेको छु । लक्षित समुदाय विकास तर्फ रु. १ करोड २० लाख विनियोजन गरि महिला शसक्तिकरण, वालवालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित उत्थान कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाएको छु । नेपाल सरकारको सशर्त बजेट कार्यक्रम अपर्याप्त भएकोले कृषी विकास, पशु विकास, स्वास्थ र शिक्षाका लागि रु १ करोड ३३ लाख थप विनियोजन गरेको छु । सेतीपारी गजमैल पाखामा वृक्षारोपण गर्न रु. ९ लाख ४८ हजार, तारजाली खरिदका लागि रु. ५ लाख, विपद् व्यबस्थापनका लागि रु. ५ लाख ५० हजार र दैविप्रकोप कोषका लागि रु. ५ लाख बजेटको ब्यबस्था मिलाएको छु । युवा तथा खेलकुदका लागि रु. १० लाख र पतांन्जली योग समितीका लागि रु. ५ लाख विनियोजन गरेको छु । रेडियो एफएम, टेलिभिजन, विकास पत्रकारिता, सुचना प्रशारण जस्ता कार्यक्रमहरुलाइ पनि बजेट व्यबस्था मिलाएको छु । कार्यालयको संस्थागत क्षमता विकास, सुशासन, सेवा प्रवाहमा सुधार  र राजश्व प्रशासन सुदृढिकरणका लागि समेत बजेट ब्यबस्था मिलाएको छु । सहकारी प्रर्बदनका लागि रु. ५ लाख विनियोजन गरेको छु । बजेटमा समावेश हुन नसकेका महत्वपूर्ण आयोजनाहरु Project Bank मा राखी स्रोतको उपलब्धता भएपछि क्रमशः कार्यान्वयन हुने ब्यबस्था गरेको छु ।

**स्रोतको ब्यबस्थाः-**

आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च वेहोर्न स्रोत मध्ये आन्तरिक आयबाट रु. ५६ लाख १५ हजार, राजश्व वाँडफाँड बाट रु. ६ करोड ७५ लाख ३८ हजार, वित्तिय समामनिकरण बाट रु. १३ करोड ६६ लाख ५ हजार, सशर्त अनुदान बाट रु. २१ करोड १२ लाख ४० हजार, सडक वोर्ड बाट रु. ३५ लाख, बहुक्षेत्रिय पोषण बाट रु १४ लाख १८ हजार र सामाजिक सुरक्षा कार्यक्रमबाट रु.४ करोड ५५ लाख ९५ हजार खर्च बेहोरिने ब्यबस्था मिलाएको छु ।

**अन्त्यमा**

नगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने नगरबासीहरु, बुद्दीजिबी, संचारकर्मी ,करदाता, विकासका साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

# धन्यबाद ।